“ नेपालीको व्यथा”

हिन्दुराष्ट्र, बुद्ध, सीताको भूमि, यहि आएथ्यो श्री राम
पहाड पर्वत , हिमाल, तराई , नेपाल हो यसको नाम

राणाकाल छंदा जनता दब्ये  , आवाज उठेन
देशको मर्म जनताले बुझ्दथे , अस्तित्व लुटेन
ति सारा जनता सोझा थिए, निमुखा रहिरहे
धनका भोका , देश लुटुवाहरु धनि भइरहे
शान्दार गाडि , भव्य महल, जनता थिए झुप्रोमा
सुबिधा थिएन, सुरक्षित थिएन, शिक्षा थियो गोबरको थुप्रोमा

पञ्चायत आयो , राजा ल्यायो , हर्ष र उमंग
सम्पति थिएन, रोएछ देश , बचेथ्यो कर·
परेछ बानि घुस खाने सबको , ढिकुटि भरेछन्
बिना घुस बन्दैन थिए काम , जनता आपतमा परेछन्
सिफारिस बिना पाउंदैन थिए जागिर , मनमा सधै राम
कुर्सिमा बस्ने गर्दथ्यो फोन , बन्दथ्यो उसकै काम

जनताको पीडा थुप्रदै गयो , नेताले बुझेन
बजेका सिटि , पड्केको गोलि, जनताले सुनेन
मनका चिन्ता , हृदयको पीडा , चिचयाउन थालेछ
तीस वर्षपछि वहुदल आयो , आरती बालेछ

काठमाण्डौ नगर , अव्यवस्थित शहर , महानगर भएछ
पानी छैन , धुवा र धुलो , जतातती फोहोर मैला रहेछ
भाषण ठुलो , गर्दैन काम, आफ्नै पेट भर्दछ
आशै आशले फक्रेका फूल ओइलयाएर झर्दछ

हे मेरा भाइ, हे मेरा वहिनी, व्यथा यो मेरो ध्यान दिएर सुनन
देशको अवस्था, नेताको चाल, बुझी मात्र नेता त्यो चुनन
यो पार्टी आए, त्यो पार्टी आए, सबै जोगिको कथा हो
जनतालाई ठग्ने , देशलाई लुट्ने , नेपालीको व्यथा हो

**लेखक - हिमाल राई**